अध्यक्ष

श्री लालमटिया सामुदायिक वन उपभोक्ता समुह
वाणगंगा न.पा., वडा नं. २, कपिलवस्तु
बोलपत्रद्वारा काठ/दाउरा लिलाम बिक्रीको सूचना
दोश्रो पटक प्रकाशित मिति: २०८२/०३/०६

लालमटिया सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा स्वीकृत वन कार्ययोजना अनुसार पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु संकलन र पुनरुत्पादन तयारी कटानबाट उत्पादन भई यस समूहको घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।साथै संक्षिप्त सूचना मिति २०८२।०३।०६ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिन सार्वजनिक विदा परेको हुदा १७ औ दिन को १२ वजे सम्म गोप्य सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

(१) वन पैदावारको विवरण,

| क्र.स. | लट नं. | जात | ग्रेड | थान | कुल परीमाण (क्यु.फिट) | न्युनतम मुल्य प्रति | न्युनतम मुल्यांकन | धाङ नं. | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ३. | अस्ना | ए | ४ | ५४.३२ | ४०० | २१७२८ | धाङ नं.१०,११ ,१२,१३ | RF FT PF | प्रति क्यु.फिट रु १२९ |
| | | अस्ना | वि | ६ | ६१.३४ | ३०० | १८४०२ | | | |
| | | अस्ना | सि | ११ | ३०.७५ | १०० | ३०७५ | | | |
| | | वाँझी | | ४० | २७२.७३ | १०० | २७२७३ | | | |
| | | विजय-साल | | १९ | ७३.७४ | १००० | ७३७४० | | | |
| | | दवदवे | | ७ | २३.९४ | १०० | २३९४ | | | |
| | | जामुन | ए | २ | २८.२७ | ४०० | ११३०८ | | | |
| | | जामुन | वि | ४ | ४८.२ | ३०० | १४४६० | | | |
| | | जामुन | सि | ५ | २६.४२ | १०० | २६४२ | | | |
| | | जिंगट | | १९ | १६५.३५ | १०० | १६५३५ | | | |
| | | कुसुम | | ८० | ४१६.३३ | १०० | ४१६३३ | | | |
| | | जम्मा | १९७ थान | | १२०१.३९ क्यु.फिट | | २३३१९० | | | |

अध्यक्ष

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/०३/२० (ख) समय :- दिनको ठीक ५.०० वजे सम्म (कार्यालय समय भित्र) ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/०३/२२ (ख) समय :- दिनको ठीक १२.०० वजे सम्म ।

(४) बोलपत्र फारम प्रति लटको रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय, कपिलवस्तुबाट खरिद गरी समूहको कार्यालयमा मात्र दाखिला गर्न सकिनेछ ।

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको कृषि विकाश बैंक, चार नम्बर शाखा, कपिलवस्तुमा रहेको चल्ती खाता नं. ०४-१५६-००५६३१७०-०१-० मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक जमानत/ग्यारेन्टि पेश गरेको हुनु पर्ने छ ।

(६) लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(७) लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,कर दर्ता प्रमाण पत्रको प्रतिलिपी,कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका सवै ठाउँमा दर्ता भएका बोलपत्रहरु प्राप्त भए पछि मिति २०८२/०३/२२ गते दिउँसो ०२.०० वजे(१६ औ दिन सार्वजनिक विदा परेको हुँदा १७ औ दिन ) साक्षीहरुको रोहबरमा खोलिनेछ ।

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(१०) वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको र टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन ।

(११) वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहलाइ हुनेछ ।

१२) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ ।

१३) एउटै व्यक्तिले एउटै फर्मको निवेदन लिएर माग गरेको लट अनुसारको १ वटा टेण्डर फाराम माग तथा खरिद गर्न पाउने छ । फर्मको सक्कल आधिकारिक प्रतिनिधि पत्र वा नोटरी पब्लिक वांट प्रमाणित प्रतिलिपी पेश गरे पश्चात् मात्र टेण्डर फाराम उपलवध गराइने छ ।

(१३) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

(१४) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।